# त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सिमुतु खारानेटा, रूकुम(पश्चिम)

कर्णाली प्रदेश, नेपाल

website : www.trivenimunrukum.gov.np
e- mail : tribenigp@gmail.com

प.सं. ०७५।७६
च.नं. ८०८

मितिः २०७६।०१।०२

विषयः भुक्तानीका लागी योजना कार्यान्वयन फाइल पेश गर्न लगाउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
त्रिवेणी गा.पा. रूकुम पश्चिम ।

उपरोक्त सम्बन्धमा त्यस वडा अन्तर्गत आ.व.०७५।७६ मा त्रिवेणी गा.पा. द्वारा विनियोजित बजेट तथा कार्यक्रम मार्फत नियमानुसार चैत्र मसान्तसम्म कार्यक्रम कार्यान्वयन सम्पन्न भई भुक्तानीको पर्खाईमा रहेका योजनाहरूको भुक्तानीको सम्बन्धमा तपशिल बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

तपशिलः

१. गाउँपालिकामा पेश नभैसकेका योजना फाईलहरू यथाशीघ्र वडा कार्यालयमा एकिकृत गर्न लगाउने ।
२. वडा मार्फत योजना अनुगमन तथा कागजात मिलाउने कार्य यथाशीघ्र सम्पन्न गराई वडा सचिवले कागजात र विल भर्पाई रूजु गरी भुक्तानी सिफारिस र वडा समिति/ वडा अध्यक्षको अनुगमन प्रतिवेदन संलग्न गरिदिने ।
३. सरोकारवालाको उल्लेख्य सहभागीतामा सार्वजनिक लेखापरीक्षण गर्न लगाई आवश्यक कागजात संलग्न गर्ने ।
४. योजनाका फोटाहरू लगायत आवश्यक कागजात अनिवार्य पेश गर्नुपर्ने ।
५. वडा मार्फत गाउँ कार्यपालिकामा पेश भएका र अग्रिम रूपमा गाउँ कार्यपालिकामा पेश भएका फाईलहरू एकिकृत भैसकेपछि अध्ययन तथा योजना स्थलको सुपरीवेक्षणको लागी कम्तीमा ५ दिन समय लाग्न सक्ने हुँदा यथाशीघ्र कार्यसम्पन्न गर्न गराउन लगाउने ।
६. बुँदा नं. ५ सम्मका कार्य सम्पन्न भैसकेपछि गाउँ कार्यपालिकाको कार्यालयमा सम्बन्धित योजना कार्यान्वयन संस्थाका पदाधिकारीहरूलाई बोलाई छिटो छरितो माध्यमवाट लगातार भुक्तानी मात्र गर्ने गरी भुक्तानी शिविर सञ्चालन गरिनेछ ।
७. भुक्तानीका लागी अन्य आवश्यक प्रक्रिया र कागजातहरू साविकमा तोकिए बमोजिम हुनेछ ।
८. वडा स्तरवाट सरोकारवालाहरूमा सार्वजनिक सूचनाका लागी आवश्यक व्यवस्थापन गर्न सकिनेछ ।

बोधार्थः
श्री अध्यक्ष ज्यू (त्रिवेणी गा.पा.) जानकारीको लागी ।
श्री उपाध्यक्ष ज्यू (त्रिवेणी गा.पा.) जानकारीको लागी ।

दिपेन्द्र रावल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत